दक्षिणकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाण्डौ, वागमती प्रदेश

प.स : २०७८/२०७९
च.नं. शिक्षा - २२६

मिति : २०७९/०२/०६

विषय : सूचना गरिदिने बारे ।

श्री दक्षिणकाली न.पा भित्रका सबै विद्यालयहरु र सबै वडा कार्यालयहरु /

प्रस्तुत विषयमा वागमती प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालय प्रदेश युवा परिषद्को कार्यालयको मिति २०७९/१/२२ गतेको प्राप्त पत्रानुसार मिति २०७९/२/२९ गते विहान १०:०० बजे काठमाडौंमा संञ्चालन हुने " सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धन वागमतीमा युवा शशक्तिकरण " विषयको वक्तृत्तवकला प्रतियोगितामा भाग लिनको लागि आफ्ना विद्यालयका सबै विद्यार्थीहरु र आ- आफ्नो वडा कार्यालयका सम्पूर्ण युवाहरुलाई जानकारी गराईदिनु हुनको साथै उक्त कार्यक्रमको बारे थप जानकारीका लागि प्रदेश युवा परिषद्का् कार्यालयको पत्र यसै साथ संलग्न रहेको व्यहोरा समेत आदेशानुसार अनुरोध छ ।

२०७९/२/६

लक्ष्मण दाहाल
अधिकृत (आठौं)

बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय

प्रदेश युवा परिषद्को कार्यालय

प्रदेश युवा परिषद्, बागमती
PROVINCE YOUTH COUNCIL, BAGAMATI
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
प्रदेश युवा परिषद्को कार्यालय
हेटौंडा, नेपाल

प.सं.२०७८/७९
च.नं.

मितिः २०७९/०१/२२

विषयः सूचना ।

श्री बागमती प्रदेश भित्रका सम्पूर्ण स्थानिय निकायहरुः
बागमती प्रदेश, हेटौडा, नेपाल ।

यस आ.ब. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको सन्दर्भमा युवा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले यसै सूचनालाई आधारमानी बागमती प्रदेश भित्रका प्रतेक स्थानिय तहले सहभागी छनौट तथा शिफारिस गरी निम्न जिल्लाको निम्नानुसार स्थानमा हुने प्रतियोगितामा सहभागी हुन पठाइदिनुहुन अनुरोध छ । प्रतेक स्थानिय निकाय हुँदै जिल्लागत प्रतियोगितावाट छनौट भएका युवाहरुलाई प्रदेश स्तरिय प्रतियोगितामा सहभागी गराई प्रथम, द्वित्तिय र तृतिय तथा सान्त्वना पुरस्कार प्रदान गरिने वेहोरा अनुरोध छ ।

सहभागी छनौटका आधारहरुः

१. प्रतियोगिताको विषय वक्तृत्वकला प्रतियोगिता हुनेछ र जसको विषय " **सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धनः बागमतीमा युवा सशक्तीकरण** " रहेको छ ।

२. १६-२४ उमेर समूहका युवाहरुले यस प्रतियोगितामा भाग लिन पाउनेछन् ।

३. स्थानिय निकायले युवा छनौट गर्दा १ महिला र १ पुरुष युवा छनौट गरी तपशिलको तोकिएको स्थानमा सहभागी हुन पठाइदिनु पर्नेछ ।

४. जिल्लागत प्रतियोगितामा प्रथम हुने १ महिला र १ पुरुषको लागि प्रतिव्यक्ति रुपुरस्कारको व्यवस्था गरिएको छ । ००।३०००.

५.) जिल्लागत रुपमा प्रथम भएका १ महिला र १ पुरुषले तोकिएको मितिमा बागमती प्रदेशको राजधानी हेटौडामा आयोजना हुने प्रदेश स्तरिय प्रतियोगितामा भाग लिनेछन् र जसको पुरस्कार राशी निम्नानुसार रहेको छ ।

क) प्रथम पुरस्कारः रु ३००००।०० (अक्षेरुपी रु तीस हजार मात्र)

२०७९।०१।२२
रमेश घिमिरे
नि. कार्यालय प्रमुख

प.सं.२०७८/७९
च.नं.

ख)) दोस्रो पुरस्कारः रु २५०००।०० (अक्षेरुपी रु पच्चीस हजार मात्र)

ग) तेस्रो पुरस्कारः रु २००००।०० (अक्षेरुपी रु बीस हजार मात्र)

घ) सान्त्वना पुरस्कारः रु १००००।०० (अक्षेरुपी रु दश हजार मात्र)

६. सहभागी हुने स्थानिय निकायको केन्द्रहरुः

क) मकवानपुर केन्द्रः मिति २०७९।०२।२२ गते विहान १०.०० वजे ।

मकवानपुर , सिन्धुली र चितवन जिल्लाका स्थानिय निकायका सहभागीहरुः

ख) नुवाकोट केन्द्रः मिति २०७९।०२।२५ गते विहान १०.०० वजे ।

नुवाकोट र रसुवा जिल्लाका स्थानिय निकायका सहभागीहरुः

ग) धुलिखेल केन्द्रः मिति २०७९।०२। २७ गते विहान १०.०० बजे ।

दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लाका स्थानिय निकायका सहभागीहरुः

घ) काठमाडौ केन्द्रः मिति २०७७९।०२। २९ गते विहान १०.०० वजे ।

धादिङ, काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका स्थानिय निकायका सहभागीहरुः

५. प्रदेश स्तरिय प्रतियोगिता मिति २०७८।०३।०४ गते विहान १०.०० वजे हेटौडा मकवानपुरमा सञ्चालन गरिनेछ ।

६. प्रतियोगिताको जिल्लामा सञ्चालन हुने स्थान र प्रदेश स्तरिय प्रतियोगिता हुने स्थान सम्बन्धी जानकारीका लागि कार्यालय प्रमुखको मोवाइल नं. ९८५५०६५२५१ वा कार्यकारी उपाध्यक्ष को मो.नं ९८५१०१३८९१ मा सम्पर्क राखी लिन सक्नुहुनेछ ।

७. कार्यक्रम सम्बन्धमा कुनै कुरा बुझ्नु परेमा वा दुविधा भएमा माथि उल्लेखित नं. मा सम्पर्क राखिदिनुहुन स्थानिय निकायहरुलाई पनि अनुरोध गरिएको छ ।

२०७८/०५/०२

.....
रमेश घिमिरे
नि. कार्यालय प्रमुख

रमेश घिमिरे
नि.कार्यालय प्रमुख